# बैजनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :-२०८३/०८४
च.नं. :- ३३१

मिति : २०८३/०६/०२

श्री वडा कार्यालयहरु ( सबै ),
बैजनाथ गाउँपालिका, बाँके ।

विषयः- उपभोक्ता विवरण संकलन सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा बैजनाथ गाउँपालिकाले हरित जलवायु कोष र बैकल्पिक उर्जा केन्द्रको सहकार्यमा स्वच्छ चुलो कार्यक्रम कार्यान्वयन गर्ने गरी सम्झौता गरेको व्यहोरा जानकारी गराउँदछौं । उक्त कार्यक्रम अवधी ५ वर्ष रहने छ र सोही कार्यक्रम अन्तर्गत चालु आ.व. २०८३/०८४ मा खाना पकाउने प्रविधि ( तह-३ को सुधारिएको चुलो) को प्रबर्द्धन गर्ने लक्ष्य रहेको छ । स्वच्छ चुलो कार्यक्रम अन्तर्गत तह-३ को सुधारिएको चुलोका लागि तहाँ वडाले उपभोक्ता विवरण/माग संकलन गर्नु हुन र उक्त विवरण संकलन गर्दा देहाय बमोजिम गर्न अनुरोध गरिन्छ ।

शर्तहरूः-

- उपलब्ध गराईएको फारम र उपभोक्ताको नागरिकता प्रमाणपत्रको प्रतिलिपि संकलन गर्नुहुन ।
- उपभोक्ता विवरण संकलन गर्दा घरमुली महिला, एकल महिला, दलित, जनजाती, अपाङ्गता र न्यून आयस्रोत भएकाहरुलाई पहिलो प्राथमिकता दिन हुन ।
- उपभोक्ता विवरण संकलनको क्रममा लाभग्राही दोहोरो नपर्ने गरी माग संकलन गर्न हुन (एक परिवारका लागि एक थान चुलो मात्र) ।
- उपभोक्ताको माग संकलन कार्य मिति २०८३/०६/१६ गतेसम्म सम्पादन गरी यस कार्यालयमा बुझाउनु हुन ।

<u>प्रविधिगत लागत साझेदारी विवरण :</u>

| क्र.सं. | प्रणाली | साझेदारी | | | |
|---|---|---|---|---|---|
| | | हरित जलवायु कोष | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | स्थानीय तह | उपभोक्ता |
| १ | तह ३ को सुधारिएको चुलो | ४०% | ४०% | १५% | ५% |

*नोटः*

*** तह-३ सुधारिएको चुल्होको उपभोक्ताले व्यहोर्नु पर्ने अनुमानित रकम प्रति थान रु.३००/-*

२०८३/०६/०२

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

